# परिच्छेद ८
# धर्म, संस्कृति, पर्यटन तथा खेलकूद

## ८.१ चाडपर्व, मेला जात्रा

कञ्चन गाउंपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभूसाका मानिसहरु बसोवास गरेका छन् । यहां अधिकांस हिन्दू धर्म मान्ने मधेशी मूलका मानिसहरु रहेका छन् भने नगन्य मात्रामा मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरु पनि छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् । यस गाउंपालिकामा बसोवास गर्ने सवै खाले जातजातीहरुको मुख्य चार्डपर्व, संस्कृति, पर्यटन तथा खेलकूदका यस प्रकार रहेका छन् ।

## ८.२ मुख्य चाडपर्व तथा मेला जात्रा

**तालिका नं. ५६**

| जातजातिको नाम | पर्व / महिना | मनाइने चाड पर्वको नाम र मिति | | | मेला जात्रा |
|---|---|---|---|---|---|
| बाहुन, क्षेत्री, ठकुरी, कामी, दमाई, सार्की, मगर, गुरुङ्ग, कुमाल, नेवार, बोटे, माझी | पर्वको नाम | दशैं | तिहार | तिज | |
| | महिना | अशोज | कार्तिक | भाद्र | |
| थारु (चौधरी) | पर्वको नाम | माघी | आत्तवारी | दशैं | |
| | महिना | माघ | भाद्र | असोज | |
| | महिना | आश्विन | कार्तिक | भाद्र | |
| मुसलमान | पर्वको नाम | मोहरम | ईद | वकरिद | वकरिद |
| | महिना | फाल्गुण | असोज | पौष | पौष |
| हिन्दू मधेशी | पर्वको नाम | गुडिया | कृष्णअष्टमी | खिचडी | रिहारमेला |
| | महिना | साउन | भदौ | माघ | माघ |

श्रोत: समुदायीक भेटघाट, आधार वर्ष २०७४

यस गाउंपालिकामा वसोवास गर्ने विभिन्न जातजातीका मानिसहरुले आ-आफनो परपम्परा अनुसार चाडपर्व मनाउने गर्दछन् । जसमा बाहुन, क्षेत्री, ठकुरी, कामी,

दमाई, सार्की, मगर, गुरुङ्ग, कुमाल, नेवार, बोटे र माझीहरुले मुख्य चाड क्रमश: दशैं, तिहार र तिज मान्छन् भने थारुहरुले माघी, बड्की आइतबार र दशैं मान्ने गरेको पाइन्छ । त्यस्तै मुसलमानहरुले मोहरम, ईद र बकरईद पर्वलाई मुख्य चार्डको रुपमा मान्दछन् । हिन्दू मधेशी जातीहरुले क्रमश: गुडिया, कृष्ण अस्टमी र माघी मनाउने गरेको पाइन्छ ।

## ८.३ संस्कार तथा चाडपर्व

हिन्दू धर्म मान्ने पहाडी, मधेशी र थारु जातीहरुमा फरक फरक खाले रितिरिवाज, चालचलन र संस्कारहरु रहेका छन् । यहां सबै खाले धर्म र सम्प्रदायका मानिसहरुको संस्कार तथा उनीहरुले मान्दै आएका चाडपर्वहरुको बारेमा स्पष्ट पार्ने कोशिस गरिएको छ ।

## ८.४ पहाडी हिन्दू समुदायका संस्कार

पडसरी गाविसमा विभिन्न जिल्लाहरुबाट बसाई सराई गरी आएका पहाडी हिन्दूहरुको धेरै बसोबास रहेको पाइन्छ । विशेष गरी यहां बाहुन, क्षेत्री, मगर, कामी, दमाइ, सार्की नेवार, गुरुङ्ग, तामाङ्ग आदि रहेका छन् । यिनीहरुका आफ्नै मौलिक संस्कार छन् ।

### क. जन्म

गर्भवती महिलालाई बच्चा जन्माउने व्यथा सुरु भए पछि घरकी वा छिमेकी परिपक्क महिलालाई बोलाइन्छ । आज भोलि संभब हुनेले सुडेनीलाई पनि बोलाउछन् । यिनीहरुले सुत्केरी हुंदा चाहिने सामानको व्यबस्था मिलाउने सुत्केरी महिलाको स्याहार, सम्हार गर्ने, बच्चाको सालनाल काट्ने, आमा र बच्चालाई नुहाईदिने गर्दछन् । बच्चाको न्वारन नगर्दा सम्म सुत्केरी छुट्टै बस्ने गर्दछन् । सुत्केरी बसेको अवस्थामा धार्मिक क्रियाकलापहरु गर्दैनन् । सुत्केरीलाई पोषिला खानेकुरा दुध, घ्यू, माछामासु, फलफूल, सागपात खान दिने गर्दछन् । एघारौ दिनमा विधिपूर्वक न्वारन गर्ने र सोही दिन बच्चाको नाम राख्ने गरिन्छ ।

### ख. छैठी

पहाडी जातजातीको संस्कार अनुसार छोरा जन्मेको छैटौं दिनमा छैंठी गर्दछन् । छैठीको दिनमा भावीले आएर बच्चाको भविष्य लेखिन्छ मान्यता भएकाले त्यस दिन वच्चाको सिरानी मुनि कापी कलम राखिदिने गर्दछन् । यस दिनमा बाहुनद्धारा सामान्य पूजापाठ गर्ने, चिना लेखाउने, ग्रह नक्षत्र हेर्ने, बच्चालाई आर्शिवाद दिने,

आफन्त छरछिमेकीलाई बोलाएर खुशियाली मनाउने, भजन किर्तन गाउंने, नाच्ने, छैठी बाड्ने गरी रमाइलो गरिन्छ ।

## ग. न्वारन

हिन्दू संस्कार अनुसार बच्चा जन्मेको एघारौं दिनमा न्वारन गर्ने चलन छ । न्वारनको दिनमा घर लिपपोत गर्ने, वच्चा र आमालाई नुहाईदिने र वाहुनद्धारा पूजा पाठ गरेर न्वारन गरिन्छ । वाहुनले वच्चाको ग्रह नक्षेत्र अनुसार नाम राख्ने काम सोही दिन हुन्छ । सुत्केरी र परिवारलाई पन्चगब्वे खान दिएर सुत्केरी चोखाउने गर्दछन् । न्वारनको दिन आफन्तहरुलाई बोलाएर भोजभतेर गर्ने गरिन्छ ।

## घ. पाश्नी (अन्नप्रासन)

अन्नप्रासन हिन्दूहरुको अर्को संस्कार हो । खास गरी छोरा जन्मेको ६ महिना पछि र छोरी जन्मेको ५ महिना पछि पाश्नी गर्ने चलन छ । जसलाई अन्नप्रासन वा भात खुवाई भनिन्छ । त्यस दिन विभिन्न किसिमका परिकारहरु पकाउने, वच्चालाई मान्यजन द्धारा टिका लगाएने, नयां नयां कपडा उपहार दिने र वच्चालाई भात र अन्य परिकारहरु खुवाउने गरिन्छ। यस दिन आफन्त र छरछिमेकीलाई बोलाएर गच्छे अनुसारको खानपिन गराउने चलन पनि रहेको छ ।

## ङ. ब्रतबन्ध

हिन्दू समुदायका मानिसले विवाह गर्नु भन्दा अगाडि छोराको ब्रतवन्ध गर्ने चलन छ । यस अवसरमा बाहुन बोलाएर पूजाआजा गरी मावलीबाट बच्चाको कपाल काट्ने र दिदी बहिनीबाट कपाल भूईमा खस्न नदिनको लागि थाल थाप्ने चलन छ । ब्रतवन्ध गर्नु भन्दा पहिला साईतको दिन जुराउने र सोही दिन रुद्री पूजा लगाएर ब्राह्मणद्वारा गायत्रीमन्त्र (गुरु मन्त्र) सुनाई जनै लगाउने गर्दछन् । ब्रतवन्ध गर्नेले जोगीको भेष धारण गरी आमा बावु र मान्यजनहरुबाट भिख माग्ने र सबैले भिक्षा दिएर रमाइलो गरिन्छ । ब्रतबन्ध गरे पछि छोराले कूलको मान्यता पाउने र धर्म संस्कारमा सामिल हुने अधिकार प्राप्त गर्दछन् । ब्रतबन्ध गर्ने केटाले टिकाटालो गरी दिदी बहिनीलाई दक्षिणा दिने र कपाल काटेको थाल दिदी बहिनीले लिने गर्दछन् । यस दिनमा आफन्तलाई बोलाएर मीठा मीठा परिकार खानदिने रमाइलो गर्ने गरिन्छ ।

## च. विवाह

केटा २० बर्ष र केटी १८ वर्ष उमेर पुगे पछि विवाहको कुरा चलाउने गरिन्छ । विवाहका लागि केटा पक्षका मानिसहरु केटी पक्षको घरमा गएर विवाहको कुरा चलाउछन् । त्यस पछि केटी र केटा पक्षका बारेमा दोहोरो कुरा मिले पछि विवाहको पक्का गर्नका लागि जनै सुपारीको लागि साईत जुराउने गर्दछन् । जनै सुपारी गर्ने दिन केटा पक्षबाट केटीको घरमा दही, केरा, मिठाई, फलफूल, सेल, रोटी, लिएर जाने गर्छन् । केटीको घरमा गएर टिकोटालो गर्ने बिवाहको दिन किटान गर्ने, केटा पक्षबाट ल्याएको परिकारहरु केटी पक्षका घरका र गोतियारहरु बसेर खाने रमाइलो गर्ने गरिन्छ ।

विवाहको दिन केटाको घरवाट विवाहका लागि केटीको घरमा जन्ती जाने गर्दछन् । जन्ती पुग्नु अगाडि साईपाटो लिएर जान्छन् । बिबाहको दिनमा दुलाहाको तर्फबाट विवाहको लगनको समय आदि लेखिएको पत्र सहितको दहीको ठेकी, फलफूल सहितको मांगलिक सामाग्रीलाई साइपाटो भनिन्छ । जन्तीहरु पुगेपछि दुलहीपट्टीका मानिसले जन्ती पर्सन्छन् । यस पछि स्वयंवर गर्छन् । स्वयंवर गर्दा केटीले केटालाई पानी अक्षता छर्कदै वरिपरि घुमेर दुबोको माला लगाइ दिने चलन छ । त्यस पछि जन्तीलाई खान पिना खुवाई सकेपछि दुलाहा दुलाहीलाई मण्डपमा बसालेर बाहुनले विधी पूर्वक मन्त्र उच्चारण गर्दै कन्या दान दिने चलन छ । त्यसै बेला तामाको भाडामा दुलाहा दुलाहीको खुट्टाको बुढी औला धोएर आमा-बाबु तथा माइति पक्षका आफन्तजनहरुले गोडाको जल खाने र टीका लगाइ दक्षिणा दिन्छन् । विवाहको कर्मकाण्ड समाप्त नहुंदा सम्म दुलाहा दुलाहीको घाटीमा एउटै अचलो बांधिएको हुन्छ । दुलाहा दुलाहीलाई दान दक्षिणा दिईसकेपछि दुलाहाले माइती पक्षका मानिसहरुले नदेख्ने गरी बीचमा पर्दा लगाएर दुलाहीको सिउंदोमा सिन्दुर हाल्ने गर्दछन् । यसपछि विधिबत रुपमा विवाहको कर्मकाण्ड समाप्त गरी दुलही लिएर जन्ती फिर्ता हुन्छन् ।

जन्ती दुलाहाको घरमा फिर्ता भईसकेपछि ठूलो टपरीको बिटमा साना साना धेरै बत्तीहरु र वीचमा मुख्य बत्ती बालेर टपरीमा चामल राखी सातपटक घुमाउने गर्दछन् । त्यस टपरीलाई दोबाटोमा राखी दुलाहा दुलाहीलाई घरमा प्रवेश गराउंछन् । घर भित्र प्रवेश गर्दा ढोकामा नन्द आमाजुले वाटो छेक्ने गर्दछन् । नन्द आमाजुलाई दुलहीले केही दक्षिणा दिए पछि दुलहीलाई घर भित्र जान दिन्छन् । घर भित्र गए पछि आफन्तहरुले दुलहीको मुख हेर्ने चलन छ । मुख हेर्दा आफन्तहरुले दुलहीलाई टिका लगाइ रुपैयां, कपडा दिने चलन छ । जन्ती फिर्ता भएको भोलिपल्ट चतुर्थी गर्ने गरिन्छ । त्यसको भोलि पल्ट कूल देवताको पूजा

गरी दुलहीले पकाएको खाना खानुपर्छ भन्ने मान्यता रहेको छ । विवाह पछि भोजन खुवाई ईष्टमित्र विदाई गर्ने गरिन्छ ।

### छ. मृत्यु

हिन्दू परम्परा अनुसार मानिसको मृत्यु भएमा लासलाई घरबाहिर आगनमा तुलसीको मैरी नजिक राखी सेतो कपडाले ढाकिन्छ । यस पछि नजिकमा रहेका आफन्त, दाजु-भाइ र छरछिमेकीलाई खबर गरिन्छ । सबै जना जम्मा भए पछि लासलाई बांसमा बाधेर शंख बजाउदै अघि पछि जौं, तिल र लाभा छर्दै घाटतिर लगिन्छ । घाटमा पुगे पछि पिण्ड दिने, मृतकको खुट्टामा घ्यू लगाउने अनि लासलाई तिन पटक चिताको वरिपरि घुमाई चिता माथि राखिन्छ । त्यसपछि जेठो छोराबाट चितामा विधि पूर्बक दाग बत्ती दिने चलन छ । छोरा नभएमा दाइ-भाइ वा गोतियारबाट दागबत्ती दिने र लासलाई पूर्ण रुपमा जलाइ खरानी बनाइन्छ । मृतकका गोतियार र शोक मनाउने मानिसहरुले कपाल खौरिने पनि चलन छ । पिण्ड दिए पछि फर्कने क्रममा बीच बाटोमा कांडा राखिएको हुन्छ जसलाई क्रियापत्री तथा मलामीले कांडा कुल्चेर अगाडी आउने चलन छ । यसो गर्दा मृतकको आत्मा घर फर्कन सक्दैन भन्ने भनाई रहेको छ । प्रत्येक दिन क्रिया पुत्रीले नुहाई धुवाई गरी पिण्ड दिने र एक छाक मात्र खाना खाने चलन । मृत्यु भएको सातौ दिनमा बाहुनबाट पुराण, कथा सुन्ने, दशौं दिनमा ढिकुरो फोर्ने, एघारौ दिनमा मृतकको सम्झनामा श्रद्धा र पूजा गरी ३६५ वटा पात वा तामाका दियामा बाली पानी माथि छोडिदिने, १३ औं दिनमा पितृकार्य सम्पन्न गरी क्रियाबाट उम्कने चलन छ । उक्त दिन सम्म घर परिवार र गोतियारहरुले नून बारेका हुन्छन् । त्यसै दिन छोरी, ज्वाई, भान्जा, भान्जी र बाहुनलाई टिकाटालो गर्ने दान दक्षिणाका साथ गाई दान दिने, आफन्त र मलामीहरुलाई खाना खुवाएर विदाई गरिन्छ । जुठो सकिए पछि हरेक महिनाको १ दिन पिण्ड दिने, मृतकको छोराले १३ औ दिन देखि १ वर्ष सम्म अशुद्ध चिज नखाने, ४५ दिनमा पहिलो पटक र एक वर्षपुगे पछि अर्को पटक श्राद्ध गरे पछि मृतकको घर शुद्ध हुने मानिन्छ ।

## ८.५ पहाडी हिन्दू समुदायले मान्दै आएका चाडपर्व

### क. नाग पञ्चमी

नाग पञ्चमी श्रावण महिनामा पर्दछ । त्यस दिनमा महिलाहरुले बिहान नुहाई धुवाई गरी घर आगन पोत्ने गर्दछन् । त्यस दिन नागको चित्र बनाई पुज्ने र घरको मुल ढोकामा टांसी गाईको दुध चढाउने चलन छ । कसै कसैले बाहुन

वोलाएर नांग टांस्ने र वाहुनलाई दान दक्षिणाा दिने गर्छन् । यसो गर्दा नागबाट कुनै किसिमको हानी हुदैन भन्ने भनाई छ । उक्त दिन कसै कसैले चेली वेटी बोलाइ खान पिन गराउने पनि गर्दछन् ।

## ख. रक्षावन्धन (जनै पूर्णिमा)

भाद्र शुक्लपक्ष पूर्णिमाको दिनलाई जनै पूर्णिमा भनिन्छ । अर्को शब्दमा यसलाई गुरु पुर्णिमा पनि भनेको पाइन्छ । त्यस दिन आफ्ना गुरुबाट आर्शिवाद लिने, रक्षा वन्धन गर्ने र जनै फेर्ने गर्दछन् । ज्वाई चेली, भान्ज भान्जी आएर रक्षा बन्धनको डोरी हातमा बांधिदिने चलन रहेको छ । यस पछि वाहुन तथा भान्ज भान्जीलाई आफ्नो शाक्ति अनुसारको दान दक्षिणाा दिने गरिन्छ ।

## ग. हरितालिका तीज

हरितालिका तीज भाद्र शुक्लपक्षको दिनमा पर्दछ । त्यस दिनमा पहाडी हिन्दू समुदायका विवाहित महिलाहरुले आफ्नो पतिको दिर्घायुको कामना गर्दै व्रत बस्ने चलन रहेको छ । त्यस दिनमा महिलाहरुले नयां कपडा, गहना लगाउने लगाइ नजिकको मन्दिरमा गएर पूजा गर्ने, तीजको गीत मार्फत आफ्ना दुःखेसा पोख्ने गर्दछन् । त्यस दिन दिदी बहिनीहरुलाई दाजु भाइहरुले माईतीमा बोलाउने गर्दछन् । तीजको अघिल्लो दिन विभिन्न खानेकुराहरु जुटाएर खाने गर्दछन् । जसलाई दर खाने भनिन्छ । दिदी वहिनीहरु जम्मा भएर तीजका रमाइला-रमाइला गितहरु गाउने नाच्ने गर्दछन् । दिनभरि व्रत वसेका महिलाहरुले सांझ फलफूल, दही, दुध खाने गर्दछन् ।

## घ. दशैं

नेपालीहरुको महान चाडको रुपमा दशैंलाई मनाउने चलन छ । रामले राक्षसको राजा रावण माथि विजय प्राप्त गरेकोले असत्य माथि सत्यको विजय भएको खुशियालीमा दशैं पर्व मनाइन्छ । यो पर्व आश्विन शुक्ल प्रतिपदाको दिनबाट शुरु भइ पूर्णिमाको दिन समाप्त हुन्छ । यो पर्वमा सप्तमी देखि दशमी सम्मका दिनहरुलाई मुख्य मानिन्छ । ती दिनमा दुर्गा पूजा गर्ने, अष्टमीको दिनमा वली चढाउने गरिन्छ । दशैंमा आफ्नो शाक्ति अनुसार घर परिवारले नयां कपडा किन्ने, मिठो र चोखो परिकार वनाई खाने चलन रहेको छ । दशमीका दिनमा शुभ समय मिलाएर आफु भन्दा माथिका मान्यजनबाट टिका जमरा ग्रहण गरी आर्शिबाद लिने चलन रहेको छ । कसै-कसैले दशमी देखि पूर्णिमा सम्म टिका लगाउने गर्दछन् ।

## ङ. तिहार

दशैं पछिको दोश्रो ठूलो चाड तिहार हो । यो पर्व कार्तिक शुक्लपक्ष त्रयोदशीको दिन देखि द्वितिय सम्म पांच दिन मनाइन्छ । पहिलो दिन कागको पूजा, दोश्रो दिन कुकुरको पूजा, तश्रो दिन लक्ष्मी पूजा, चौथो दिन गोवर्द्धन पूजा र पांचौ दिन भाई पूजा गरिन्छ । भाई पूजाको दिन दिदी बहिनीले दाजु भाईलाई सप्तरंगी टिका लगाइ सेल, रोटी, फिनी, मिठाई फलफूल लगाउतका मीठा मीठा खाने कुराहरु खान दिन्छन् भने दाजुभाइले दिदी बहिनीहरुलाई आफ्नो गच्छे अनुसार कपडा पैसा दक्षिणा दिने गर्दछन् । विशेष गरी आफ्ना दाजुभाईको दिर्घायूको कामना गर्दै नओईलिने मखमली, सयपत्री फूलका माला लगाइ दिन्छन् । यो पर्वमा केटाकेटी तथा युवा युवतीहरु टोल टोलमा गएर देउसी, भैलो खेल्ने गर्दछन् ।

## च. माघे संक्रान्ती

माघ १ गतलाई माघे सक्रान्ति पर्वको रुपमा मान्ने गरिन्छ । यस दिनमा बिहानै उठेर नदी वा कुवामा गएर स्नान गरिन्छ । माघे सक्रान्तिमा मासको खिचाडी पकाएर घ्युसंग खाने चलन छ । यो दिन रिडी, त्रिवेणी, ठूलो मेला लाग्ने गर्दछ । त्यहां भारतबाट समेत भक्तजन र तिर्थालुहरु आउने गर्छन् । भान्जा परशु र माईजु सौरीको संभनामा मन्दिरमा पूजा पाठ गर्ने गरिन्छ । यस पर्वमा विशेष पौष मसान्तमा तरुल, सखरखण्ड, फर्सि, पिंडालु उसिनेर माघ १ गते (माघे संक्रन्तीको दिन) खाने गर्दछन् । यी परिकार खांदा बर्ष भरि जाडोबाट बचिन्छ भन्ने भनाई छ ।

## छ. शिवरात्री

शिवरात्री फागुन चर्तुथी दशमीको दिनमा पर्दछ । महिलाहरु ब्रतबसी शिवजीको आराधाना गरी आफ्नो श्रीमान्को दिर्घायुको कामना गर्दछन् । महिलाहरुले बिहान उठी नुहाई धुवाई गरी नजिकको शिव मन्दिरमा जाने चलन रहेको छ । त्यस दिनमा पुरुषहरु शिवजीको भजन किर्तन गाउंने भांग खाने र मस्त रहने गर्दछन् । मन्दिरमा टिका लगाइ घरमा फर्केर तरुल सखरखण्ड खाने चलन रहेको छ ।

## ज. चैते दशैं

चैते दशैं चैत्र शुक्ल रामनवमी (राम जन्मेको दिन) को दिनमा पर्दछ । आफ्नो मनको कामना पुरा गर्नका लागि घर परिवारले पाठा कुखुरा भाकल गरी काली भगवतीको मन्दिरमा गई बलि दिने चलन रहेको छ । कसै-कसैले मन्दिरमा पूजा गरेर परेवा उडाउने गर्दछन् । आफन्तहरु भेटघाट हुने, मान्यजनबाट टिका लगाइ

आर्शिबाद लिन, मीठा मीठा खाने कुरा खाने, नयां नयां कपडा लगाउने एक आपसमा रमाईलो गर्ने गरिन्छ ।

## ८.६ मधेशी हिन्दू समुदायका संस्कार

मधेशी समुदायको आफ्नै किसिमको मौलिक संस्कार छ । यीनिहरुको ठांउ अनुसार छुट्टा छुट्टै भाषा रहेता पनि भारतको अवध प्रान्तसंग जोडिएका जिल्ला बासिहरुको मुख्य भाषा अवधी नै हो । मधेशी समुदायका मानिसहरुले धर्म प्रति बढी आस्था र विश्वास राख्ने गर्दछन् । रुपन्देही जिल्लाको दक्षिणा भेगमा पूर्व देखि पश्चिम सम्म आदिबासी जातीको रुपमा मधेशीहरुको बसोबास रहेको छ । यस भेगमा यादव, मल्लाह, गुप्ता, मुस्लिम, बर्मा, कोरी, धोवी लगाएतका बिभिन्न जातजातीहरुको बसोवास रहेको छ । यीनिहरुका आफ्नै भेषभुषा, चालचलन र परापम्परा रहेका छन् । पुरुषहरुले प्राय कमिज, धोती लगाएने र शिरमा गम्छा बाध्ने गर्छन् भने महिलाहरु धोती, पेटीकोट, बलाउज लगाउने सल ओड्ने र गहनाहरुमा टप, फोपी र टिकुली लगाउने गर्छन् । यस समुदायका मुख्य संस्कारहरु निम्न अनुसार छन् ।

### क. जन्म

गर्भवती महिलालाई व्यथा लागेपछि गाउंका अनुभवी महिलाहरुको सहयोगमा सुत्केरी गराउने चलन छ । सुत्केरी भए पछि त्यो घर अछुतो रहेको संकेतमा एउटा वनकसको आंटीमा ग्रागीको मुख बांधी ढोकामा झुन्ड्याउने प्रचलन छ । वच्चा जन्मे पछि सुडेनीले नाल काट्ने र वच्चालाई नुहाइदिने गर्छन् । बच्चा जन्मेको ५ दिन पछि वच्चालाई विच्छी र सर्पले टोकेर विष नलागोस भनेर विच्छी र सर्पको कांडालाई आगोमा डढाउने गर्दछन् । बच्चा जन्मेको छैठौ दिनमा छट्ठी गर्ने प्रचलन छ उक्त दिन सुडेनीले सुत्केरी वस्ने कोठा लिपपोत गर्छन् । बच्चाको आंखामा फुपुहरुले काजल लगाइ दिन्छन् । काजल लगाए वापत दान दक्षिणा दिने चलन छ । नाउ जातिका महिलाले सुत्केरीको नङकाट्ने गर्छन् । त्यसपछि सांझ पख गाउंका महिलाहरु जुटी गीत गाउने नाच्ने र भोज खाने गर्दछन् ।

### ख. बरही

बच्चा जन्मेको १२ औ दिनमा सम्पूर्ण आफन्तहरुलाई बोलाएर बरही (न्वारन) गर्ने चलन छ । यस दिन खिर, पुरी, हलुवा, दुध, दही जस्ता शाकाहारी परिकारहरु खाने र रमाइलो गर्ने गर्छन् । बरहीको दिनसम्म सुत्केरी आमा र बच्चाको सम्पूर्ण स्याहार सुसार सुडेनीले गर्दछन् । तेल र वुकवा (तोरी कुटेको धुलो)

लगाए वापत पारिश्रमिक दिने गर्दछन् । १२ औं दिनमा वरही गरे पछि घर चोखिन्छ । त्यस पछि सुत्केरीले कुवा, धारा छुन पाउंदछन् ।

### ग. मुण्डन
पहिलो पटक बच्चाको कपाल काट्ने कार्यलाई मुण्डन गर्ने भनिन्छ । मधेशी समुदायमा वच्चा जन्मे पछि विजोर वर्षमा शुभ-साईतको दिन पारेर मुण्डन संस्कारं गरिन्छ । मुण्डन गर्ने दिनमा आफन्तहरुलाई वोलाउछन् । वच्चा गर्भमा हुंदा देखि नै वच्चाले राम्रोसंग जन्म लिओस, भविष्य राम्रो होस भनेर पहिला नै भाकल गरेका हुन्छन् । त्यसै अनुसार जुन स्थान वा मठ मन्दिरमा लिएर मुण्डन गर्ने भाकल थियो सोही स्थानमा बच्चा लैजाने, कपाल काट्न नाँउ वोलाउने, काटेको कपाललाई वच्चाको फुपुले नदीमा वगाउने गर्दछन् । कपाल काटे वापत नाँउलाई पैसा दिइन्छ । कपाल काट्ने समयमा महिलाहरुले ढोलक वजाएर मंगल गाना गाउंने गर्दछन् । बच्चालाई नयां नयां कपडा र फुलको माला लगाइ दिने, दिदी, वहिनी, फुपुलाई दान दक्षिणा दिने चलन छ । त्यस पछि पाहुंनाहरुलाई मिठो मिठो खाने कुराहरु खुवाउने र रमाइलो गर्ने गरिन्छ ।

### घ. विवाह
पहिले मधेशी समुदायमा केटाकेटीको उमेर सानै हुंदा विवाह प्रकृया सुरु गरेर कर्म सम्पन्न गर्ने गरिन्थ्यो । तर आज भोलि केटाकेटीको उमेर १८ देखि २० बर्ष भए पछि आमा बाबुले आफ्ना छोरा छोरीको विवाह गरी दिने चलन बढेको छ । पहिले गौना थौना दिने पराम्परा भएता पनि आहिले यो चलन कम हुंदै गएको छ । तैपनि मधेशी समुदायमा विवाह कर्म सम्पन्न गर्नका लागि कम्तिमा पनि ६ वटा चरणहरु पार गर्नु पर्ने हुन्छ ।

### ङ. मगनी
देहाती हिन्दू परम्परा अनुसार आफन्त तथा विश्वासिलो मानिसहरुलाई साक्षी राखेर केटी पक्षले केटाको घरमा गएर मगनी गर्ने चलन छ । मगनी पछि दुवै पक्षले एक आपसमा अविर लगाएने र शुद्ध शाकाहारी खाना, मिठाइ, हलुवा आदि खाने गर्दछन् । मगनी पछि बाहुन बोलाएर तिलकको लगन जुराउने गर्दछन् ।

### च. तिलक
मगनीका दिन बाहुनबाट निकालेको तिलकको शुभ साईतमा केटी पक्ष केटाको घरमा जाने गर्दछन् । केटी पक्षले केटाको घरमा जांदा २ देखि ६ किलो चामल र नगद रुपैया कांसको थालमा राखेर केटीको बुवा मामा लगाएत १०, ११ जना

मानिस केटाको घरमा जान्छन् । केटाको घरको आगनमा बनाएको बेदीमा केटालाई बसालेर बाहुनले केटाको हातमा धागो बाध्ने, तिलक निधारमा लगाइदिने गर्छन् । यसै अवसरमा आफन्त तथा गाउंका मानिसहरुलाई बोलाएर मीठा मीठा परिकार खान दिएर खुशियाली मनाउने चलन छ ।

## छ. मेर्छुवा

तिलक गरेको केही दिन पछि केटा केटी दुवैको घरमा मेर्छुवा पुज्ने गर्छन् । त्यस दिन केटीको घरबाट आएको कांसको थालमा वेसार, सिंदुर, घ्यू, चिनी राखी दियो जलाएर गांउका महिलाहरु नजिकको ताल वा पोखरीमा गित गाउदै जाने र त्यस ठाउंमा माटो पुज्ने चलन छ । मेर्छुवा पुज्न जांदा लिएर गएको पुरी र चामल महिलाहरुलाई वांडिदिन्छन् ।

## ज. तेलपूजन

तेलपूजन मेर्छुवाको भोलि पल्ट गर्ने चलन छ । यस अवसरमा दुलाहाका आमालाई दुलाहाको मामाले र दुलाहीको आमालाई दुलाहीको मामाले दिएको धोती, बलाउज र सल लगाएर तेलपूजन जान्छन् । तेलपूजनको दिन सिन्दुर, पुरी, ध्यू, मीठाई, तेल देवताको थानमा लगेर विवाहमा कुनै बाधा व्यवधान आइ नपरोस् भनेर पुज्ने चलन छ । विवाहको लागि घर सजाउने गर्दछन् । तेलपूजनको दिन ३ पटक र भोलि पल्ट ४ पटक गरी ७ पटक दुलाहा वा दुलाहीलाई हल्दी लगाउने काम हुन्छ ।

## झ. विवाह

विवाहको लागि जुरेको शुभ साईतको दिन केटालाई नांउले नुहाई दिन्छन् । नुहाएर केटालाई आगनमा बनाइएको मेदीमा लगिन्छ । मेदीमा लगेर दुलाहाको फुपाजु वा भिनाजुले कपडा लगाइ दिन्छन् । ओखलमा एकमुट्टी धान राखेर मुसलले सात पटक हानेर सात बटा सिंगो चामल शुभ साइतको लागि निकाल्नु पर्दछ । त्यो चामल चौमुखी दियोमा राखेर त्यसैमा सात वटा हरियो कपास र हल्दीको टुक्रा, सात चिम्टी सिम्रिक, गाजल, सात वटा अगरबत्ती राखी दियो बालेर एउटा सुपोमा राखिन्छ । सुपामा दिप राखेर आमाले दुलाहाको टांउको माथि हात राखेर बस्दछन् र नाऊंले चौमुखी दियो बालेर दुलाहाको आरती गर्दछन् । नातेदारहरुले सुपामा नाखुर (चामल र पैसा) राख्ने चलन छ । दुलाहाले कपडा लगाउने वेला महिलाहरुले वियालो (लगन) गित गाउंने गर्दछन् । नांउले दुलाहाको सबै नङ काटी दिने र नांउकी श्रीमतीले दुलाहाको खुट्टामा रंङ्ग लगाउछिन् । नेगाहाहरुले दुलाहालाई बोकेर डोलीमा राख्दछन् । डोलीमा बसेर दुलाहाको आमाले मेरो आफ्नो दुधको

भारा गयो **“जीवन साथी ल्याएर आउनु हारेर नआउनु”** भनेर आर्शिवाद दिन्छन् र दुलाहा पक्ष त्यस स्थानबाट दुलाहीको घर तिर लाग्छन् ।

यस दिनमा दुलाहीका आमा वुवा दाजु भाउजू बिहान देखि निराजल व्रत वसेका हुन्छन् । दुलाहीलाई घरमा राखेर श्रृगांर पटार गर्ने र जन्तीको स्वागत गर्नको लागि गेट् सजाउने गर्दछन् । दुलाहा पक्षबाट आएका जन्ती दुलाहीको घरमा पुगे पछि दुलाहालाई ल्याएर आगनको मेदीमा बसालेर दुलाहीको वुवाले दुलाहालाई आर्शीवाद दिने चलन छ । नाउंले सबै वरातीको खुट्टा धोइदिए पछि वरातीलाई हलुवा मीठाई खुवाउने गर्दछन् । मेदीमा दुलाहालाई पूर्वतिर मुख गराएर बसालिन्छ र दुलाहीको आमा–बुवा दक्षिण तिर मुख गरेर बस्दछन् । पण्डितले उत्तर बसेर दिप देखाउछन् । सम्पूर्ण निम्तालु महिला चारै तिर बसेर वियालु गित गाउंछन् । दुलाहीको आमा बुबाले ५ थान कांसको भांडामा दुलाहा दुलाहीको खुट्टा धोएर संकल्प गर्ने चलन छ भने दुलाहीका आफन्तजनहरुले पाउ पूजन गर्ने चलन छ । यस पछि दुलाहा र दुलाहीको कपडामा गांठो पारेर मेदीको पूर्वतिर सिलौटा राखेर अगाडी दुलाही र पछाडी दुलाहा भएर मेदीको वरिपरि सात पटक घुम्ने चलन छ । प्रत्येक पटक घुम्दा दुलाहीको खुट्टाको बुढी औंठाले सिलौटो छुवाउने गरिन्छ । भाउजुले दुलाहीको मुख ढाकेर दुलाहीलाई आफ्नो सुहाग (सिंन्दुर राखेको भाडो) दिन्छन् । सुहाग दिए पछि दुलाहाले दुलाहीको सिउंदोमा सिन्दुर लगाइ दिन्छन् । दुलाहा दुलाहीको पाऊ पुज्ने मानिसले सिन्दुर लगाएको हेर्न हुदैन भन्ने मान्यता छ । सिंन्दुर लगाइसके पछि पण्डितले दुलहीको आमा–बुवाबाट दुलाहा दुलहीलाई आर्शिवाद दिन लगाउने चलन छ । यस पछि सम्पूर्ण बरातीलाई खानपिन गराएर भोलि पल्ट जन्तीलाई विदाई गरिन्छ । विदाईकै दिन दुलाहाले दुलाहीलाई आफ्नो घर लिएर जान्छन् । यसरी मधेशी समुदायको परम्परा अनुसार विवाह सम्पन्न हुन्छ ।

### ञ. मृत्यु संस्कार

मधेशी समुदायमा मान्छे मरे पछि मृतकको शरीरलाई नुहाइ दिन्छन् । त्यस पछि नयां कपडा लगाइ दिन्छन् । बांसको मुर्दा सैया बनाएर चार जनाले शवकांधमा बोकेर घाटमा पुऱ्याउछन् । सक्नेले लास जलाउने र नसक्नेले खाल्डो खनेर माटोले पुरिदिने गर्छन् । तर साधु सन्तको मृत्यु भएको खण्डमा मृतकको शवलाई समाधी दिने प्रचलन छ । समाधीको लागि खाल्डो बनाई चारैतिरबाट ईटा लगाइ मृतकलाई पलेटी कसेको अवस्थामा बसाली चारैतिरबाट नुन राखेर माथिबाट पुर्ने प्रचलन छ भने कविर पन्थाएका मानिसहरुलाई गृहस्थ भए पनि समाधी नै दिने चलन छ । अरु पन्थाएका मृतकलाई अग्नि संस्कारमा मृतक महिला भए छोराले

यदि छोरा नभएमा श्रीमान्ले दिने र मृतक पुरुष भएमा छोरा भए छोराले नभए भाई पट्टिदारका छोराले दागबत्ति दिने चलन छ । यस पछाडी सबै मलामीले नुहाई एक छिन् मृतकको शोक मनाउने गर्छन् । सक्नेले लास जलाएको दिन देखि तेश्रो दिन भित्र मृतकको अस्थी (खरानी) लिएर गण्डकी वा भारतको काशी गइ प्रवाह गर्ने गर्छन् भने नसक्नेले नजिकैको नदीमा आस्थी सेलाईदिने परामपरा छ किरिया बसेको मानिस अलग्गै स्थानमा वस्ने, कसैसंग नछोईने र दिनमा एक छाक मात्र खाना खाने गर्दछन् । मृतकको आत्माको चिर शान्तिको लागि गुरुपुराण सुन्ने प्रचलन छ । यसरी महिलाको मृत्य भएमा नौ दिन पछि र पुरुष भए दश दिन पछि कपाल फाल्ने प्रचलन रहेको पाइन्छ । सोही दिन मलामी र किरिया बसेको मानिस संगै बसी मृतक आत्मालाई चिर शान्ति मिलोस भनेर हवन गर्ने गर्दछन् । त्यो दिनलाई माड भन्ने गर्दछन् । ११ औं दिन माहाखाने ब्राहमणलाई बोलाइ सेजसैया दान गर्नुको साथै भोजन गराउने चलन छ । १२ दिनमा आफन्तहरुलाई बोलाई भोजन गराउने गर्छन् भने १३ औं दिनमा बाहुनलाई कपडा, चप्पल, छाता, दान दक्षिणा दिने र भोजन गराई तेराही सम्पन्न गरी अन्तिम संस्कार गर्ने र सक्नेले १ वर्ष पुगे पछि बर्खी गर्ने र नसक्नेले १३ औं दिनमा नै बर्खी गर्ने गरिन्छ ।

## ८.७ मधेशी समुदायका मुख्य चाडपर्व

### क. कर्कट संक्रान्ति

नयां वर्षको उपलक्ष्यमा मधेशी समुदायका मानिसहरुले बैशाख १ गते प्रत्येक वर्ष सतुवा संक्रान्ति मनाउने गर्दछन् । उक्त दिन भन्दा पहिले सतुवा बनाउन प्रयोग गरिने अन्नहरु जस्तै गहुं, जौं, चामल, चना, अडहर आदि घाममा सुकाई आगोमा भुटेर पिठो बनाउने गदर्छन् । उक्त सात प्रकारको अन्नको पिठो मिसाई सतुवा बनाउने प्रचलन छ ।

उक्त सतुवा र भेलीको सर्वत बनाइ बैशाख १ गते गाउंको देवि देउताको मन्दिरमा महिलाहरु नुहाई धुवाई गरी चढाउने गर्छन् । त्यस पछि कन्याहरुलाई सतुवा खुवाई दान दक्षिणा दिएर बिदाई गर्छन् । घरका सम्पूर्ण सदस्यहरुले सुपामा सतुवा र भेली राखी पूर्व दिसा फर्केर दुवै हात जोडी “ऊ संक्रान्ति नमो नम:” भनेर मन्त्र उच्चारण गरिसके पछि पण्डितलाई सतुवा भेली दिने गर्छन् । र आफन्तहरुलाई समेत बोलाएर खुवाउने गर्छन् । संक्रान्तिको दिन सतुवा खानाले मानव शरीर स्वस्थ्य र मन शान्त रहन्छ भन्ने विश्वास रहेको छ ।

**ख. नागनागीन पूजा**

मधेशी समुदायका महिलाहरुले प्रत्येक वर्ष असार माहिनाको कृष्णपक्ष सोमबार वा शुक्रबारको दिन नागनागीन पूजा गर्ने प्रचलन छ । उक्त नागनागीन पूजाको लागि प्रत्येक गांउका महिलाहरु घरै पिच्छे एक एक जनाको हिसावले आ-आफ्नो टोलमा भेला भई सात वटा गाउंमा गएर भीख माग्ने प्रचलन रहेको छ । मागेर ल्याएको उक्त भिख बेचेर पूजा सामाग्री खरिद गर्छन् । त्यस पछि विभिन्न किसिमको परिकारहरु पकाउछन् । पिठोको सर्प बनाई माटोको दियोमा दुध भरेर राख्ने गर्छन् । त्यस पछि घ्यू र धुपले हवन गर्छन् र बाजा गाजाको साथमा पूजा गरी प्रसाद वाड्ने चलन छ । यो नाग पूजाबाट नाग प्रसन भई वर्ष भरी नागले रक्षा गर्छन् भने मान्यता रहेको छ ।

**ग. गुडिया (नागपञ्चमी)**

श्रावण महिनाको शुक्लपक्ष पञ्चमी तिथिको दिन मधेशी समुदायमा गुडिया पर्व हर्ष उल्लास र धुम धामको साथ मनाउने गर्दछन् । यस पर्वमा प्रत्येक घरका मानिसहरुले आफ्नो विवाहित दिदी वहिनी र छोरीहरुलाई घुघुरी (चनाको विशेष परीकार) दिने प्रचलन छ । गुडिया पुजनको दिनमा बिहान गोबरले घरको भित्तामा चारैतिरबाट घेरा लगाउने र नाग सूर्यको बुट्टा समेत बनाउने गर्छन् । सोहि दिन तेलमा चना, प्याज भुटेर खाने चलन छ । बिहान चना र दूध बेदीमा र मन्दिरमा चढाउने गर्छन् र घरको ढोका अगाडी नागको फोटो टास्ने समेत गर्छन् । जुन घरमा नाग पञ्चमीको पूजा भयो त्यो घरको नागले रक्षा गर्छ भन्ने मान्यता रहेको छ ।

**घ. रक्षा बन्धन**

श्रावण माहिनाको शुक्लपक्ष पूर्णिमा तिथिको दिन यो पर्व मनाउने गरिन्छ । रक्षा वन्धनलाई अवधी भाषामा सनिनो पनि भन्ने चलन छ । यो पर्वमा दिदी बहिनीहरुले आफ्ना दाजु भाईहरुलाई रक्षा वन्धन हातमा वाधिदिने गर्छन् र दिदी बहिनीहरुले मलाई नभुल्नु मेरो भाईलाई रक्षा गर्नु भन्दै आर्शिवाद दिदै दिर्घ आयुको लागि कामना समेत गर्छन् । दाजु भाईहरुले रक्षा वन्धन वांधे वापत दिदी वहिनीहरुलाई दक्षिणा दिएर ढोग दिने गर्दछन् । यसरी दिदी बहिनी र दाई भाईहरुको बिचमा सहोदर सम्बन्ध कायम राख्ने उद्देश्यले यो पर्व यस मधेशी समुदायमा वडो आत्मीयताको साथमा मनाइने गर्छन् । यो पर्वमा मधेशी समुदायका मानिसहरुले खिर, पुरी, हलुवा जस्ता मीठा परिकारहरु बनाएर खाने गर्छन् ।

## ङ. छठ्ठी पूजा

छठ्ठी पूजा भाद्र महिनाको कृष्ण पक्ष अष्टमी तिथिको दिन गरिन्छ । मधेशी समुदायमा छोरा हुने महिलाले मात्र छठ्ठी पूजा गर्छन् । यदि कुनै महिलाको छोरी छोरी मात्र छन् भने ति महिलाहरुले यो पर्व मान्दैनन् । यो पर्वको दिन बिहान पलासको पात र कुश ल्याउने चलन छ । त्यस पछि निराजल बर्त बसी छोरा भएका महिलाहरुले पुरी, चना, धुप, घ्यूको साथ आफ्नो घर भित्र गोबरको मुर्ति बनाई छेउमा कुश उभ्याई जती वटा छोरा छन् त्यती वटा पातमा कुशको गांठो पारी दही र चना राखेर पूजा गर्छन् । पूजा गर्ने महिलाले सांझ फलफूल र दुधको फरहर गर्ने चलन छ । त्यस पछि अर्को दिन बिहानै दान गरिसकेपछि मात्र अन्न खाने चलन छ ।

## च. कृष्ण जन्माष्टमी

कृष्ण जन्माष्टमी भाद्र महिनाको कृष्ण पक्ष अष्टमी तिथिको दिन पर्छ । कृष्ण जन्माष्टमी हिन्दू धर्म मान्ने मानिसले मनाउने गर्छन् । यो दिन मधेशी समुदायका महिला पुरुष दिन भरि व्रत बस्छन् । सोहि दिनमा बिहान देखि व्रत बसि सांझ कृष्ण मन्दिर वा समुदायमा सबै जना एकै ठांउमा जुटी विभिन्न किसिमको फलफूल र राम दानाबाट बनेको परिकार ल्याई एकै साथ पुष्पफल मिष्ठान अर्पण, धुप दीप गरी कृष्णको पूजा गर्ने गर्दछन् । पूजा गरिसके पछि फलफूल मिष्ठान प्रसादको रुपमा बाड्ने गरिन्छ । त्यस पछि आ–आफ्नो घरमा गएर फरहर गर्छन् । पूजा हुने ठाउंमा फेरी जुटेर नाच गान गरी जागराम बस्ने गरिन्छ । त्यस पछि बिहानै उठी खोला वा नदीमा नुहाई ध्यान गरी खाना खाने प्रचलन रहेको पाइन्छ । यदुबंशीहरु कृष्णलाई कूल देवताको रुपमा मान्ने र पूज्ने गरेकोले कृष्ण अष्टमी पर्वलाई ठूलो महत्वका साथ मनाउने गर्दछन् ।

## छ. कजरी तीज

भाद्र महिनाको शुक्लपक्ष तृतिया तिथिको दिन यो पर्व मनाउने प्रचलन रहेको छ । यो पर्वमा विवाहित महिला र अविवाहित युवतीहरु व्रत बस्ने गर्छन् । त्यस दिन महिलाहरु बिहानै देखि व्रत बस्छन् । सांझ नुहाएर नयां कपडा लगाइ आफ्नो टोल वा समुदायमा कुनै एक जनाको घरमा कोठा सजाएर जोडी वेलाउती, कांक्रो, कागती, फूल, अगरबत्ती र धुपको साथमा पूजा गर्ने गर्दछन् । पूजापाठ गरी राती फरहर (फलफूल) ग्रहण गर्ने गर्छन् । त्यस पछि भजन कृतन गाउंने र नाच्ने गरी रात विताउंछन् । यसरी यो व्रत बस्नुको मुख्य उद्देश्य विवाहितले आफ्नो जोडी बिछोड नहोस् भन्ने अपेक्षा राखेका हुन्छन् भने अबिबाहितहरुको उद्देश्य म

राम्रो वर पाऊं भन्ने रहेको हुन्छ । व्रत बसी अर्को दिन बिहान नुहाई धुवाई गरी दान दक्षिणा गरी खाना खाने चलन छ ।

### ज. दशहरा (दशैं)
विजया दशमीको नामले चिनिने दशहरा प्रत्येक वर्षको असोज महिनामा मनाउने गर्दछन् । यो पर्व शुक्लपक्ष द्धितिया तिथि देखि शुरु भई दशमी तिथि सम्म मनाउने चलन छ । यो पर्वलाई नवरात्र आरधाना रुपले मधेशी समुदायमा धुमधामका साथ मान्ने गरिन्छ । दशहरामा दुर्गाको मुर्ति निर्माण गरी ठांउ ठाउंमा झांकी प्रर्दशन गर्दछन् । नौ दिन सम्म सांझ बिहान विधी पूर्वक पूजा पाठ गर्ने गरिन्छ । यसै अबसरमा ११ दिन सम्म रामलिला नाटक खेल्ने गर्छन् । मधेशी समुदायका महिला पुरुषहरु यो पर्वमा नौ दिन सम्म व्रत बसी फलफूल मात्र खाएर दिन बिताउछन् । अन्तिममा हवन गरेर कन्याहरुलाई खुवाई दान दक्षिणा समेत गर्छन् । त्यस पछि दुर्गाको मुर्तिलाई नजिकको नदीमा बाजा गाजाका साथ सेलाउने चलन छ ।

### झ. करवा चौथ
मधेशी समुदायमा करवा चौथ वडा धुम धामको साथमा मनाउने गर्छन् । यो पर्व कार्तिक महिनाको चौथी तिथिका दिन राती चन्द्रमा उदय भए पछि महिलाहरु जम्मा भएर करवा चौथ पूजा गर्दछन् । विवाहित महिलाहरु दिनभरि आफ्नो पतिको शुस्वास्थ्य र दीर्घायूको लागि वर्त वसि करवा चौथको पूजा गर्ने गर्छन् । यो पूजामा माईतबाट प्रत्येक चेलीबेटीलाई माटोको करुवामा चिउरा वा चामल भरी माथिबाट दियोले बन्द गरी करुवा माथि विभिन्न रगंले सिंगारेर दाजु भाईहरुले करुवा पुऱ्याउने गर्छन् । माईतबाट आएको करुवा लिएर समुदायको कुनै एक घरमा महिलाहरु जुटी एक अर्का संग करुवा घुमाउदै विधी पूर्वक पूजा सम्पन्न गर्छन् । पूजा सम्पन्न गरे पछि आफ्ना श्रीमानको मुख हेर्ने, ढोग दिन्छन् । करुवा पुज्ने दिन देखि जाडो शुरु हुने वा जाडोको द्धार खुलेको मान्यता मधेशी समुदायमा रहेको छ ।

### ञ. दिपावली
कार्तिक कृष्ण पक्ष औसीको दिन दिपावली पर्व पर्दछ । भगवान श्री राम चन्द्रले रावणलाई मारी चौध वर्षको वनवासको अवधी पूरा गरी अयोध्या फर्के पछि अयोध्याका बासिन्दाहरुले सोही दिनको खुसियालीमा प्रत्येक घर-घरमा दियो बालेर हर्ष प्रकट गरेकाले दिपावलीको रुपमा यो पर्व मनाउने गरेको पाइन्छ । यो पर्व मधेशी समुदायमा दिवाली पर्वको रुपमा मनाउने आफनै किसिमको चलन रहेको छ

। दिपावलीको दिन बिहानै घर आंगन लिपपोत गर्छन् । त्यस पछि गाईलाई नून र ढुटो खुवाउने गर्दछन् । सांझ पख सानो सानो माटोको दियोमा तोरीको तेली हाली सेतो कपडाको बत्ती बनाई दियो वाली लक्ष्मी पूजा गर्छन् । लक्ष्मी पूजाको भोलि बिहान गाईको गोठमा गोबरले सानो पहाड बनाई गोबरधन पूजा गर्छन् । त्यो दिन गोरुहरुलाई विभिन्न रगंले रंगाई मिठो खाना वा दुवो खुवाउने गर्छन् ।

### ट. भुर्की पुजन

भुर्की पूजन कार्तिक शुक्ल द्धितिया तिथिको दिनमा पर्छ । यो पर्वको दिन गांउ भरिका महिला एक ठांउमा जम्मा भएर भईमा गोबरको घेरा बनाई विभिन्न अन्नहरुले घेरा भित्र भर्ने गर्छन् । लहचेचर वा कुविन्डोलाई ईटाले च्यापी उक्त ईटालाई यमराजको टाउको प्रतिक मानी ओखलमा कुट्ने गर्छन् । त्यस दिन दिदी वहिनीहरुले आफ्ना दाजुभाईको सुस्वास्थ्य र दिर्घायुको कामना गरी भुर्की पुज्ने गर्छन् । कुविन्डोलाई पालो पालो कुटिसके पछि आफूसंग लएको मिठाई र भुर्की चिउरा पूजा गरी आफनो घर फर्कन्छन् । घर फर्किसके पछि आफ्नो दाजु भाईको निधारमा टिका लगाइ भुर्की चिउरा खान दिन्छन् । त्यस पछि सांझ मिठो मिठो परिकार पकाएर खाने गर्दछन् । दाजु भाइलाई टिका लगाए बापत दिदी बाहिनीहरुलाई दान दक्षिणा दिने गर्दछन् ।

### ठ. डिठावन पूजा (हरिवोधनी एकादशी)

मंसिर महिनाको शुक्लपक्ष एकादशी तिथिको दिन यो पर्व मनाईन्छ । यो पर्व प्राय मधेशी समुदायमा मात्र मनाउने गरेको पाइन्छ । यो पर्वमा घरको मुली महिलाले व्रत बसी बेलुकी पख चामलको रोटी र अन्य परिकारको साथ मासको दालमा चामलको पिठो मिसाई स-सानो रोटी पकाएर पूजा गर्ने चलन रहेको पाइन्छ । त्यसै दिन मध्यरातमा उक्त मुली महिला नाङ्गै भएर हातमा सुपो र जुनेलोको (उखु) लट्ठीले सुपो पिट्दै घरको प्रत्येक कुना कुनामा “ईश्वर आउ द्ररिद्रता जाउ” भन्दै घर देखि पर सम्म नाङ्गलो ठटाउदै जाने गर्छन् । र लट्ठी फ्यांकी सुपो मात्र लिएर घर आउछन् । यसो गर्नाले घरको अलक्षिन हट्ने विश्वास रहेको छ । यदि सोही समयमा चर्मरोगीले सुपो खोसेर भाग्यो र सुपोलाई बालेर आगो ताप्यो भने उसको चर्म रोग सन्चो हुने धार्मिक विश्वास रहेको छ ।

### ड. संकट पूजा

संकट पूजा मधेशी समुदायमा माघ महिनाको कृष्ण पक्ष चौथी तिथिको दिन मनाइने गरिन्छ । यस पर्वमा छोरा हुने महिलाहरु मात्र व्रत वस्छन् । आमाहरुले आफ्नो छोराको सुस्वास्थ्य, दिर्घायु र सुख समृद्धिको लागि दिनभर व्रत बस्ने

गर्दछन् । सांझ चन्द्रमा उदय भए पछि चन्द्रमाको पूजा गर्छन् । उक्त दिन भुटेको तिलमा भेली मिसाएर तिलको लड्डु र गन्जी (सखरखण्ड) अनिवार्य रुपमा खाने चलन छ । ढकियामा चामलको पिठो राखी विधी पूर्वक पुज्ने गर्छन् । पूजा पछि तिलको लड्डु, मिठाई, सखरखण्ड घरका सम्पूर्ण सदस्यहरुलाई खान दिने चलन छ । त्यस पछि गन्जीको फरहर गरी अर्को बिहान पूजेको पिठोबाट रोटी पकाई खाने गर्छन् ।

**ढ. खिचडी (माघे संक्रान्ति)**

माघ महिनाको १ गते मकर संक्रान्तिको दिन खिचडी पर्व प्राय हिन्दू धर्म मान्नेले वडो धुम धामको साथ मनाउने गर्दछन् । मधेशी समुदायका मानिस यो पर्वमा बिहानै उठी नुहाई धुवाई गरी तिलको डांठ बालेर ताप्ने गर्छन् । त्यस पछि खिचडी सुपोमा राखी दुवै हात जोडी "ॐ संक्रान्ति नमो नम:" मन्त्र उच्चारण गरी ढोगे पछि नुन, दाल र चामल मिसाएर पकाएको खिचडी घ्यूसंग खाने प्रचलन छ । उक्त दिन घिउ खिचडी खानाले पेट सम्बन्धी कुनै किसिमको रोग लाग्दैन भन्ने विश्वास पनि रहेको छ । मकर संक्रान्तिको दिन नजिकको खोला, नदी तथा धार्मिक स्थलहरुमा गएर स्नान गर्ने र नुहाई सके पछि मास, चामल र पैसा भांडोमा राखेर छुने गर्छन् । छोएको अनाज र पैसा पन्डित वा भान्ज-भान्जीलाई दान दिइन्छ । माघे संक्रान्तिको दिन नजिकका तिर्थस्थल रिडी, त्रिवेणी, राम्दी आदि ठाउंमा परापूर्वकाल देखि ठूलो मेला लाग्ने गर्छ । यस क्षेत्रका तिर्थालुहरुले नदीमा नुहाउने, दान दिने गर्दछन् ।

**ण. होली पूर्णिमा**

मधेशी समुदायमा होली पूर्णिमा विशेष महत्वका साथ मनाउने चलन रहेको छ । यो पर्व फागुन महिनाको पूर्णिमा तिथिको दिन पर्छ । होलीको केही दिन अगाडी देखि गाउं भन्दा बाहिर होलीका निर्माण गर्न दाउरा, गुईठा जम्मा गरी अघिल्लो दिनको मध्यरातमा गाउंलेहरुले बाहुन बोलाई विधी पूर्वक पूजा पाठ गरी जलाउने गर्दछन् । पूर्णिमाको दिन विहानै देखि होली खेल्न सुरु गर्दछन् । यस दिन सवै हिन्दूहरुले रङ्ग, अबिर लगाइदिने, शुभ-कामना लिने, दिने गला मिलाउने गर्दछन् । ढोलक, मंजिरा, हार्मोनियम बजाएर घर-घरमा गएर होलीको गीत गाउंने नाच्ने गर्छन् । होलीको दिन पुरी, सब्जी, खिर, लगाएत मीठा मीठा पक्वानहरु पकाउने खाने गर्दछन् । यो दिन आफन्तहरुलाई वोलाएर खाना खुवाउने चलन रहेको छ ।

## ८.८ थारु समुदायका संस्कार

नेपालको तराई क्षेत्रमा आदिम कालदेखि बसोबास गर्दै आएका थारु जातिका पनि आफ्नै मौलिक किसिमका परम्परा र संस्कारहरु रहेका छन् । तथापि थारुहरुको अफ्नो बसोबास क्षेत्र अनुसार आ-आफ्नै किसिमको चाडपर्व तथा संस्कार अपनाउने गरेको पाइन्छ ।

### क. जन्म

गर्भबती महिलालाई व्यथा लागेपछि सुडेनीलाई **बोलाइन्छ** । सुडेनीको सहाराबाट बच्चा जन्माउछन् । जन्मेको बच्चाको नाल डोरिले बाधेर काटिन्छ र आमा र बच्चालाई नुहाइ धुवाई गरेर कोठामा लगिन्छ । सालनाल बहरीको (घरको बिचको बस्ने ठाउं) पश्चिम कुनामा गाडने चलन छ ।

सुत्केरी आमालाई भेली, सोठ, खुर्सानीलाई पानीमा उमालेर तेलले झानेको खराउपानी खान दिन्छन् । सुत्केरीलाई कोठामा राखिसके पछि बेलको दाउरा बालेर आगो ताप्न लगाइन्छ । आमा र बच्चाको सम्पूर्ण स्याहार सुसार सुडेनीले गर्दछन् । अन्यले सुत्केरी आमा र बच्चालाई छुंदा सुन पानी छर्कनु पर्दछ । सुत्केरी आमालाई दिसा पिसाब गर्न बाहिर लैजानु पर्दा सुनपानी छर्केर लैजाने चलन छ । छोरा जन्मेको भए बच्चा जन्मेको भोलि पल्ट बिहान सठौरा (सतुवा) पुज्ने चलन छ । बच्चा जन्मेको आठौ दिनमा सुडेनीलाई सुत्केरी आमाले ढोगेर दक्षिणा चढाउछिन् । त्यसपछि दारु मासु खाने खुवाउने र रमाइलो गर्ने गरेर सुडेनीलाई बिदाई गर्छन् । यसै दिनबाट सुत्केरीको छेत (चोखिने) मेटाउने चलन छ ।

विवाह: चौधरी समुदायका मानिसहरुले विवाहमा निम्न अनुसारका संस्कार अपनाउने गर्दछन्

### ख. मगनी

केटाको बावु वा विश्वासिलो मानिस केटी पक्षको घरमा जान्छन् र केटा केटीको बारेमा सोधपुछ गर्ने गर्दछन् । त्यस पछि केटी पक्षका बुवा केटाको घरमा आउने गर्दछन् । केटी पक्षका मानिसले केटा पक्षको घर हेरि सके पछि केटीको घरमा दुबै पक्षका मानिस बसेर पक्का पक्की गरी खानपिन गर्छन् । विवाहको पक्का तिथि मिति तयार गरी फिर्ता हुने चलन छ ।

## ग. बराती

आफ्ना इस्ट मित्र तथा गोतियार दुलहाको घरमा बोलाई दुलाहालाई सिंगार पट्टार गरेर जन्ती तयार गरिन्छ । बराती (जन्ती) जानु भन्दा अगाडी दुलाहाले आफ्नो कुल देवताको पूजा गर्दछन् । त्यस पछि बरात दुलहीको घरतर्फ प्रस्थान गर्छ । दुलाहीको घर गेटले सजाएको हुन्छ । गेट नजिक पुगेपछि दुलही पक्षका मानिस आई दुलाहा पक्षका मानिसलाई गेटमा रोकि मांगर (गीत) गाउदै भित्र प्रवेश गराउने चलन रहेको छ । त्यस पछि दुलहीको बहिनीले दुलहाको खुट्टा तातो पानीले धोई दुलाहालाई देहुरारमा (जनवास) राख्छन् । दुलाहासंग रहेको बर्छी(भाला) देउरारमा गाड्छन् । दुलहा पक्षबाट लिएको भुजा दुलही पक्षका मानिसलाई बांडिदिन्छन् । सांझ दुलहा पक्षबाट लिएको जांड रक्सी दुवै तिरका मानिस बसेर खान्छन् ।

अर्को दिन विहान विदाईको समयमा बरातीलाई खाना दिने गरिन्छ । तर दुलाहाले खाना खाना मान्दैन् अनि दुलाहीको वावुले आफु सक्दो दाईजो दिएर मनाउने चलन छ । दुलाहाको मागन पुरा भए पछि मात्र दुलाहाले खाना खान्छन् । त्यस पछि दुलहाले बर्छी लिएर बाहिर आउछन् । महिलाहरुले मागर (गीत) गांउछन् । दुलहीलाई तयार गरी उसको दादाले डोलीमा राखिदिए पछि दुलही लिएर बराति फिर्ता हुन्छन् ।

दुलहाको घरको आगनमा चौकपुरेको हुन्छ । उक्त चौकपुरेको ठांउमा दुलाहा र दुलाहीलाई राखि दुलहाकी आमाले धान, तोरी र कपासको वियाले पर्छने गर्छन् । दुलहा र दुलहीको लगन गाठो पारी देउरार (देउता राख्ने ठांउ) मा लैजान्छन् । देउरारमा फेरी आमाले पर्छने चलन छ । दुलहीले दुलहालाई बुकुवा लगाइ दिन्छिन् । त्यस पछि दुलाहाले सुनको पैसा वा गहनाले दुलहीलाई सिंदुर हाल्ने गरिन्छ । यस पछि वरातीलाई खान पिन गराई विदा गरिन्छ ।

## घ. मृत्यु

थारु जातीमा मृत्यु भएपछि लाशलाई घरको बाहिरी भागमा सुताएर कफन (कात्रो) ओढाउने गर्छन् । पुरुषको मृत्यु भएमा श्रीमतीको चुरा फोरेर दिन्छन् । लास उठाउनु भन्दा पहिले सबै महिलाहरुले सतविरही र माटो राख्छन् । छोराहरुले लास उठाएर वाहिर निस्कन्छन् र घाट तर्फ लगेर जान्छन् । थरवामनले मलामीसगं चामल दाल नुन लगायत सबै चिज लिएर गएका हुन्छन् । लासलाई घाटमा लगेर गाड्नको लागि उत्तर दक्षिणा लम्बाई हुने गरी खाल्डो खन्छन् । मरेको व्यक्तिको जेठो छोराले खाल्डो खन्न शुरुवात गर्छन् । खाल्डो खनिसकेपछि

घरपरिवार र गोतियारहरु मिलेर लासलाई सात पटक खाल्डो वरिपरि घुमाएर खाल्डो भित्र राख्छन् । लासलाई खाल्डोमा राख्दा महिला भए उत्तानो र पुरुष भए घोप्टो पारेर सुताइन्छ । त्यही समयमा मलामी गएका सबैले विस आना पैसा गांठी बाध्छन् । सतविरही (धान) दिइसकेपछि लासलाई पुर्दछन् । लास पुर्दा शुरुमा परिवार र गोतियारले माटो हाल्ने र पछि मलामीले माटो हाल्ने चलन छ । कसैले मृत्यु भए पछि दागबत्ति दिने पनि गर्दछन् । त्यस पछि नजिकको नदीमा गएर सबै मलामी नुहाउछन् । नुहाईसकेपछि छिनौनी (सुन) पानी छर्केर चोखो हुन्छन् । मलामी गएका सबैलाई उक्त दिन सांझा खाना खुवाएर दुध मार लगाउछन् । मृत्यु भएको ३ वा ५ दिनबाट किरिया बस्छन् । किरिया बस्दा प्राय जसो जेठा वा कान्छो छोरा बस्नु पर्छ । दशौ दिनमा कपाल खौरेर चोखो हुन्छन् । १३ औ दिनमा सबै गोतियार आफन्त तथा इष्ट मित्रलाई बोलाएर भात खुवाउछन् । प्राय खानमा बंगुरको मासु र जांड रक्सी सहित भात हुन्छ । यसै दिन चार वाहुनलाई क्षमता अनुसारको दान दक्षिणा दिने चलन छ ।

## ८.९ थारु समुदायका मुख्य चाडपर्व

### क. माघी

थारुहरुले माघ १ गतेको दिन माघी पर्व मनाउने गर्दछन् । यो पर्व थारुहरुको नयां वर्ष हो । माघीलाई खिचडी पनि भनिन्छ । आजभोलि माघी आउनु भन्दा पहिले नै खिचडी महोत्सव भनेर विभिन्न कार्यक्रमहरु ठाउं-ठाउंमा संचालन गर्दछन् । माघी पर्वको अघिल्लो दिन गाउंका सबैजना मिलेर जिता (सिकार) मार्ने गर्छन् । साँझ आफ्ना आफन्तजनसगं बसेर दारु मासु खाने रमाइलो गर्ने चलन छ । यसको भोलिपल्ट बिहान उठेर तिर्थस्थल अथवा नजिकको खोला नदीमा गएर नुहाउने गर्छन् । नुहाई सकेपछि वर्ष भरी उत्पादन गरेर भित्राएका धन, चामल, रुपिया छोएर आफ्न भन्जा भन्जीलाई वा बाहुनलाई दान गर्दछन् । यस पछि मन्दिरमा पूजा गर्ने र घर आएर आफ्ना बुवा आमा र मान्यजनबाट आर्शिबाद लिने चलन छ । यसै दिन गाउं भरीको अघरिया, महतवा, भलमन्सा ककन्दरवा, चौकिदार, गुरुवा, भुइहरवाको छिनोफानो गर्छन् भने घरपरिवारमा पनि घरका सबैजना सदस्य बसेर खोजनी वोजनी गर्ने चलन छ ।

### ख. होली

थारुहरुले फागुपूर्णिमाको दिनलाई धुरेहरी पर्व मान्दछन् । यसलाई होली पर्व पनि भन्ने गरिन्छ । तराई क्षेत्रमा होलीपर्वलाई ३ दिन सम्म धुमधाम मनाइन्छ । धार्मिक परम्परा अनुसार हिरण्य कश्यपको बहिनी होलिकाको चिर जलाए पछि

मात्र होली शुरु हुन्छ भन्ने धार्मिक विश्वास छ । फागुपूर्णिमाको अघिल्लो दिन जिता (सिकार) मारेर जांड र दारुसंग खाने गर्दछन् । पहिले पहिले अबिर या रंग नहुदा सेतो माटोको धुलो र हिलो छ्यापेर होली खेल्ने गर्दथे । तर अहिले विभिन्न रंग र अविरले खेल्ने गर्दछन् । पहिलो दिन पुरुष र दोश्रो दिन माहिलाहरु होली खेलेर तेश्रो दिन फागुवाउने (सेलाउने) गर्दछन् । फागुवाउने दिन हरेक उमेर अनुसारका समुहहरु हुन्छन् ।

## ग. सावनिया

थारु जातीमा मनाइने चाडपर्व मध्येमा सावनिया पनि एक हो । यो पर्व साउन महिनाको १ गते पर्दछ । यसलाई साउने सक्रांन्तिको दिन भनिन्छ । यो थारु समुदायमा परम्परा देखि मान्दै आएको चार्ड हो । बुढापाकाको भनाई अनुसार काम गरेर थाकेको समयमा एक दिन शरीरलाई आराम गराउने अभिप्रायले कामलाई थाती राखि यो पर्व मनाइन्छ । यस दिन सबैले घर घरमा रोटी, पुरी, साग, सब्जी, माछा, मासु, जांड, रक्सी आदि खाइ रमाउछन् । नजिकका इष्ट मित्र, छोरी, ज्वाईलाई बोलाई सबैसंगै बसेर सु:ख दु:खका कुराहरु साटासाट गर्छन् । विवाहित महिलाले लाहाको चुरा लगाउछन् र अविवाहित केटीहरु हरियो चुरा लगाउछन् ।

## घ. नागपञ्चमी

श्रावण महिनाको शुक्लपक्ष पञ्चमी तिथिको दिनलाई थारु समुदायमा नागपञ्चमी पर्व हर्षोलासका साथ धुमधाम मनाइन्छ । यस पर्वलाई गुडिया पनि भनिन्छ । पञ्चमीको एक दिन अगाडी गाउंका सबैजना मिलेर बंगुर, खसी काट्ने र जाड रक्सीसंग खाने गर्दछन् । यसको भोलिपल्ट बिहान चना, केराउको परिकार पकाउने र सांझ पख नयाँ नयाँ लुगा लगाएर महिलाहरु तथा छोरीहरु कपडाको टुक्राले गुडिया बनाएर गाउंको खुला भाग अथवा मन्दिर नजिक असराउन जान्छन् भने पुरुषहरु सोता बनाएर गुडियालाई पिटन जान्छन् । गुडिया असराई सके पछि घुगुरी लुटाउछन् । यसै दिन नुहाइ धुवाइ गरेर सर्पलाई दुध चढाउने गर्दछन् ।

## ङ. कृष्णजन्माष्टमी

थारुहरुले भाद्र महिना कृष्णपक्ष अष्टमी तिथिको दिन कृष्ण जन्माष्टमी पर्व मनाउने चलन छ । अष्टमीको दिनको अघिल्लो रातमा मीठो मीठो परिकार बनाएर महिलाहरु दरभात खाने चलन छ । कृष्णजन्माष्टमीको दिन बिहान देखि सांझ सम्म महिला र पुरुषहरु ब्रत बस्ने गर्दछन् । यस दिन गाउंको कुनै एउटा मान्यजनको घरमा श्री कृष्ण, कशं लगाएतका विभिन्न चित्र कोर्ने गर्दछन् । त्यसै

दिन सूर्य अष्ताएपछि ब्रत बसेका महिलाहरु नयां-नयां लुगा कपडा लगाएर थालमा चामल, खिरा, मेवा, अम्बा, जस्ता फलफूल र फूल राखेर त्यसै थालमा बत्ती बालेर श्रीकृष्णको चित्र कोरेको घरमा व्रत वसेका महिला महिला पुरुषहरु जम्मा हुन्छन् । त्यस पछि आफ्नो घरमा फिर्ता भएर फलफूल, दुध, दही खाने गर्दछन् । त्यस रातभरी सबै व्रतालुहरु मिलेर गीत भजन गाइ रमाइलो गर्ने गर्दछन् । भोलि बिहान सबै महिलाहरुले नयां-नयां लुगा लगाएर थालीमा आ-अफ्नो बत्ती लिएर नजिकको खोला वा नदीमा सेलाउन जान्छन् । खोलामा फूलपत्र सेलाइसके पछि घर फर्केर अगियार गरी फलफूल दाल भात तरकारी आदि जस्ता मीठा परिकार बनाएर फरहर गर्ने गर्दछन् । अनि आफ्ना छोरी वहिनीलाई **अग्रासन** दिन जान्छन् ।

## च. बड्की अतवारी

भाद्र कृष्णपक्षको दिन कृष्णाअष्टमी मानिसकेपछि एक साता पछि आउने आइतबारको दिन बड्का अतवारी पर्व मान्ने चलन छ । यस दिनको अघिल्लो राती मासु, माछा र तरकारी को मिठो परिकार बनाएर दरभात खाने चलन छ । दरभात खाइसकेपछि बिहान देखि दिनभरी महिला, पुरुष बर्त बस्ने गर्दछन् । त्यस दिन सूर्य अष्ताउनु भन्दा पहिले व्रतालुहरुले रोटी, पुरी, हलुवा बनाएर फलफूल सगं खाने गर्दछन् । आफूले खानु भन्दा अगाडी दिदी बहिनीको नाममा सबै परिकारलाई छुट्याएर राख्ने चलन छ । दिदी बहिनीको लागि छुट्याई सकेपछि मात्र खाने गर्दछन् । यस दिन विशेष गरेर नुन बार्ने गर्दछन् । यसको भोलि पल्ट दाल भात माछा मासु को परिकार बनाएर बर्त बसेका सबै पुरुषहरुले एक ठाउमा बसेर आफ्ना दिदी बहिनीका नाममा सबै परिकार आफ्नो भागबाट निकालेर राख्ने र बाकी रहेको आफु खाने गर्दछन् यसरी खाईसकेपछि आफ्ना दिदी बहिनीलाई अग्रासन दिन जान्छन् ।

## छ. दशिया (दशैं)

आश्विन शुक्लपक्ष प्रतिपदा तिथिको दिनदेखि १० दिन सम्म दशिया पर्व मनाउने गरिन्छ । दशियालाई नेपाली भाषामा दशैं भनिन्छ । घटस्थापना दिनको सांझ नुहाइ धुवाइ गरी देवतालाई छाकी बुंदा चढाएर देहुरारमा जेउंरा राख्ने चलन छ । जेउंरा राखिसके पछि सांझ नाचगान गरी रमाइलो गरिन्छ । चतुर्थीका दिन थारु जातीले माछा मार्ने गर्छन् । पञ्चमीको दिन श्राद्ध गर्छन् । यस दिन छोरी, वहिनी र इस्टमित्र बोलाएर माछा मासु र जांड रक्सी खान दिने र रमाइलो गर्ने गर्छन्

। यसै दिन घरगुरुवा कहां बाणधुप लिन जान्छन् । अष्टमीका दिन बिहान ढिकरी पकाउने गर्दछन् । त्यसै दिन देउता पुज्नेले ब्रत बस्ने गर्दछन् । कुविन्डोको भेडा बनाएर देहुरार राख्ने दियो बालेर ढिकारी पुज्ने गर्दछन् । सांझपख ढिकिरी पुजेर खाने गर्दछन् । राती नाचगान गरी रमाइलो गर्ने गर्दछन् । नवमीको दिन बिहान कुविन्ड़ोको भेडा पुज्ने चलन छ । त्यस पछि वह्नी (कुचो) काटेर देउरारमा राख्ने गरिन्छ । मुर्गा, सुगुरंको बली चढाउने चलन छ । सांझ खानपिन गरी पुरानो वह्नी र देउतामा चढाएको फूलपाती लिएर नजिकको खोला वा नदीमा महिलाहरु पित्तर सेलाउन जान्छन् त्यसै दिन राती नाचगान पनि छ । दशमीको दिन गांउको गुरुवाको घर गएर जेउंरा लगाउन जान्छन् । आजभोलि आ आफ्नो घरका मान्यजनबाट टिका थाप्ने चलन पनि छ ।

### ज. अमौसा (दिपावली)

थारुहरु कार्तिक शुक्ल त्रयोदशीको दिनदेखि देवारी मनाउने गर्दछन् । यस पर्वलाई दिपावली पनि भन्ने गरिन्छ । लक्ष्मीपूजाको अघिल्लो दिन जिता (सिकराहि) मारेर खाने चलन छ । लक्ष्मी पूजाको दिन सांझपख देउरार र घर आंगन गोठमा दियो बालेर रातभरी झिलिमीली उज्यालो बनाई लक्ष्मीपूजा गरिन्छ । यसको भोलिपल्ट आफन्तजनलाई बोलाएर रमाइलो गर्ने मिठो मिठो खाने गर्छन् । गोबर्द्धन पूजाको दिन गाईगोरुलाई पूजा गरेर देवारी मनाउने गरिदै आएता पनि दाजुभाइको दिर्घायूको लागि दिदी वहिनीहरुले सप्तरङ्गी टिका, मखमल र दुवोको माला लगाइ माछा मासु जांड रक्सी सेल रोटी र फलफूल खान दिने चलन छ ।

## ८.१० मुस्लिम समुदायका संस्कार

मुस्लिम समुदायमा ला इल्ला इलल्ला मोहम्मुदर रसुल्ललाह मुल मन्त्र मान्ने मुस्लिम जातिहरु मोहम्मद रसुल्ललााह अलै हैव सल्लाहलाई अल्लाहको विशेष दुतका रुपमा मान्दछन् ।

### क. जन्म

मुस्लिम महिलालाई सुत्केरी व्यथा लागे पछि गाउं घरको सुडेनीको सहारबाट बच्चा जन्माउने चलन रहेको छ । मुस्लिम समुदायमा सुडेनीकै हातबाट नाल काट्न लगाएंछन् । उक्त समयमा वच्चाको कानमा अजान दिन्छन् । बच्चा जन्मेको ६ दिनपछि छठ्ठी (छैठी) गर्छन् । छठ्ठीका दिन सबै आफन्तजन इष्टमित्र नातागोतालाई बोलाएर खान खुवाउंछन् । बच्चा जन्माउनका लागि कसै कसैले डाक्टर नर्स को सहारा लिने पनि गर्दछन् ।

**ख. मुसलमानी**

मुस्लिम धर्ममा बच्चा तीन वर्षको भए पछि छोराको खटनी गर्छन् । मुसलमानी गर्नु भनेकै बच्चाको लिङ्गको अगाडीको सुपारीभागलाई छोपेर रहेको छालालाई काटनु हो । मुसलमानी दुई तरिकाले गर्छन् । एउटा लिलाही र अर्को खुशयाली । दुखी गरीबले कम खर्च लगाइ मुसलमानी गर्नेलाई लिलाही भनिन्छ भने भव्यताका साथ खर्च लगाएर गर्ने मुसलमानीलाई खुशयाली भन्ने गर्दछन् । बच्चा जन्मेको ७ दिन देखि ५ वर्ष भित्र बेजोड वर्षमा खटनी गर्ने चलन छ । हजरत मोहम्मद, मुस्ताफा सल्लाह ताला अलै हु सलामको नामवाट फातिया दिन्छन् ।

**ग. मुण्डन (हकिका)**

मुस्लिमहरुले बच्चा जन्मेको ७ दिन देखि ५ वर्ष भित्र हकिका गर्ने चलन छ । हकिका गर्ने समयमा बच्चाको नाममा खसी जवा गर्छन् । छोरी भए एउटा खसी र छोरा भए दुई खसी जवा गर्छन् । हकिकाको दिन बच्चाको कपाल खौरेर फाल्छन् । खौरेको कपाल बराबार सुन अथवा चादी तोलेर दान गर्छन् ।

**घ. निकाह (विवाह)**: मुस्लिम समुदायका मानिसहरु विवाहमा निम्न अनुसारका संस्कारहरु गर्दछन् ।

**ङ. मगनी**

विवाह गर्ने उमेर पुगे पछि केटा पक्षले केटीपक्षको घरमा केटीमाग्न जान्छन् उक्त दिन मिठो मिठो पकवानाहरु खाने गर्छन् । एकआपसमा कुरा मिल्यो भने तिथि मिति तय हुन्छ कुरा पक्का भयो भने केटा पक्षले सगुनको रुपमा कपडा वा औठी दिन्छन् ।

**च. विवाह**

मुसलमानहरुले विवाहलाई निगाह भन्ने गर्दछन् । दुवै पक्षको मन्जुरीमा विवाहको रश्म (विधि) पुरा गर्छन् । विवाहको दिन केटा पक्षले जन्ती लिएर केटीको घरमा जान्छन् । केटीको घरमा पुगेर निगाह गर्छन् । निगाह गराउदा कल्म पढाउंछन् । कल्म पढिसकेपछि एजाव गराउछन् । एजाव गराउंदा दुलाहाको तर्फबाट एउटा गबाहा र वकिल हुन्छ भने केटीको तर्फबाट पनि गवाहा र वकिल राख्ने गर्दछन् । दुवै पक्षको बिचमा मोल्बी वा मौलानाले(गुरु) मध्यस्थकर्ताको भूमिका निर्वाह गर्छ । एजाव भनेको दुलाहा दुलही वीच विवाह गर्ने मन्जुरीनामा कागज हो । उक्त कागजमा दुलाहा र दुलाहीले हस्ताक्षर गरे पछि विवाह सम्पन्न हुन्छ । एजाव

पछि दुवै पक्षको सर्त अनुसार मोहर कबुल गर्छन् । मोहर भनेको दुलाहाले दुलाहीलाई दिने नगद रकम हो । दुलाहा दुलाहीको बैवाहिक जीवन सुखी होस् भनेर मोहर दिने चलन छ । निगाह भईसकेपछि भोज खाएर दुलाही लिएर जन्ती घर फर्किन्छन् । माइती पक्षले आफ्नो हैसियत अनुसार दहेज दिन्छन् । पहिले पहिले निगाह पछि गौना थौना गर्ने चलन थियो । तर आजभोलि निगाहसंगै दुलाहीलाई बिदाई गर्छन् ।

### छ. मृत्यु संस्कार

मुस्लिम समुदायमा मानिसको मृत्यु भए पछि लासलाई नुहाई धुवाई गरेर नयां लुगा लगाइ दिने चलन छ । पुरुषको मृत्यु भएमा ३ वटा र महिलाको मृत्यु भएमा ५ वटा कफन दिन्छन् । खटियामा लास राखेर कब्रस्तानमा पुऱ्याउंछन् । लासमा इतर, सन्दल तथा कपुर जस्ता सुगन्धित बस्तु राख्छन् । कब्रस्तानमा कब्र खन्छन् । कब्रस्तानमा सबैजनालाई एकै ठाउमा राखेर मोल्वीले जनजा पढ्छन् । हजरत मोल्वी मुस्ताफाको नाममा दरुदो सलाम पढछन् । अल्लाहसगं दुवा गर्छन् । त्यसपछि लासलाई कब्रमा दफन गर्छन् । पत्रा राखेर मट्टी दिन्छन् । मिन्हा खलक नाकन बफिहा नो इदो कुम तस्तन उखरा दुवा पढेर मिट्टी गिराउछन् । लाससगं चामल, दाल, तेल, नुन, हल्दी लिएर जान्छन् र उक्त चिजवस्तु गरीबलाई दिन्छन् । तिन दिनपछि तोजा गर्छन् । तोजामा चना मिठाई तथा फलफूल राखेर कुरान पढ्छन् । अनी कपडा लगाउछन् । त्यसपछि अल्लाहसगं दुवा माग्छन् । मृत्यु भएको ४० दिन पछि चलसहामा नातागोतालाई बोलाएर खान खुवाउछन् ।

## ८.११ मुस्लिम समुदायका मुख्य चाडपर्व

### क. बारारवि अवल

मोहम्मदको जन्म महिनाको रुपमा बारारवि अवल पर्व मनाइने चलन छ । यस दिनमा सम्पन्न घरपरिवारले माछामासु खाने रमाइलो गर्दै धुमधामसगं मनाउछन् भने कमजोर अवस्था भएका घरपरिवारहरु भुजा र बतासा ल्याएर अल्लाहलाई चढाएर आफलुे खाने र रमाइलो गर्ने गर्छन् ।

### ख. सुवरात

रमजान पर्व शुरु हुनु भन्दा १५ दिन अगाडी सुवरात पर्व मनाउन छन् । यस पर्वमा २ दिन भोकै बस्छन् । सुवरातलाई राम्रो रातको रुपमा मानेर सांझ हलुवा

पुरी बनाइ इष्टमित्रलाई बोलाएर खाने, खुवाउन र रमाइलो गर्ने गर्दछन् । रातभरी मस्जिदमा गएर कुरान नवाज पढ्छन् ।

### ग. ईद

मुस्लिम समुदायले मनाउने ईद पर्वलाई रमजान सरिफ पनि भन्ने गरिन्छ । यस पर्वलाई मुस्लिमहरुले सबैभन्दा ठूलो पर्वको रुपमा मान्ने गर्दछन् । हिजरी सम्वतको रमजान महिनाभंरी रोजा बस्ने गर्दछन् । १२ घण्टा दिनको समयमा केहि नखाई व्रत बस्ने गर्छन् । विहान ५ बजे नवाज पढेपछि सांझको ५ बजे आजान भएपछि रोजा खोल्दछन् । रातमा कुरानको पारा सुन्दछन् । कुरानमा ३० अध्याय हुन्छ । रमजान महिनाको अन्त्य र सौबाल महिनाको पहिलो तारिख ३१ औ दिनमा इदुल फित्रा मनाउछन् । मस्जिदमा गएर नवाज पढ्ने गर्छन् । यस दिनमा नयां नयां कपडा लगाइ ईदमुवारक आदान प्रदान गर्दछन् । एक आपसमा गला मिलाएर खुशइीली बांड्छन् । हजरत मोल्वी रसुल्लाह रुखै हैव सल्लाहको नामबाट यो पर्व मनाउंछन् । आफ्ना पुर्खा गाडेको ठाउंमा फातिया लगाएने गर्दछन् ।

### घ. बक्रईद

मुस्लिम समुदायमा ईद पर्वको करिब अढाई महिनापछि दोश्रो ठूलो चार्डको रुपमा बक्रईद पर्व पर्दछ । यो पर्व तीन दिन सम्म मनाउंछन् । बक्रईदलाई इदुज्जुहा पनि भन्ने गरिन्छ । रागा, बोकालाई यस पर्वमा हलाल गरी कुर्वानी गर्दछन् । कुर्वानी गरेको मासुको तीन भाग मध्ये १ भाग यतिमलाई, १ भाग अजिनलाई र १ भाग आफ्नो घरपरिवारको लागि छुट्टयाएर खाने गर्छन् । धार्मिक मान्यता अनुसार यस पर्वमा ५२ तोला चांदी वा साढे सात तोला सुन बराबरको जनावरको कुर्वानी गर्नु अनिवार्य मानिन्छ ।

### ङ. मोहरम

मोहरम पर्वमा मुस्लिमहरु ताजिया बनाउंदछन् । मुस्लिमहरु १०, ५ र ३ दिन आफ्नो इच्छा अनुसार रोजा बस्दछन् । १ तारिख देखि १० तारिख सम्म मिलाद सरिफ गर्दछन् । ९ औ रातमा ताजियालाई चौकीमा राख्छन् । त्यहां राखिसकेपछि बतासा चढाउंछन् । अनि फतिया दिन्छन् । हजरले इम्पमे हुसैनको नाममा तजिया उठाउछन् । अनि १० औ दिनमा नजिकको कर्वलामा लगेर ताजियालाई दफन गर्छन् । त्यसपछि सिनानी लुटाउछन् र हसन हुसैन भन्दै ढोलक बजाउदै नाच्छन् । ढोलकको आवाजको तालमा नाच्दै आफ्नो शरीरमा व्लेट, चक्कु हानेर खुन निकाल्ने गर्दछन् । यसरी यो पर्व मनाइन्छ ।

### च. ग्यारही सरिफ

हजरते बडेपिर गौसेपाक रदी अल्लाह हो ताला अन्हु को नाममा मुर्गा जवा गर्छन् । अनि फातिया दिन्छन् । सांझ फकिरलाई खान खुवाइ मिलाद गर्दछन् ।

## ८.१२ पर्यटकीय स्थल

### तालिका नं. ५७

| गाउँपालिका/ नगरपालिका | वडा | पर्यटकीय स्थलहरुको नाम | स्थान | स्थलको महत्व | दैनिक औसतमा आउने पर्यटकहरुको संख्या |
|---|---|---|---|---|---|
| कञ्चन गाउँपालिका | १,२ | गजेडी ताल | कञ्चन १ | पिकनिक र घुमघाममा लागि | ३५० |
| | | ऐतिहासिक वर वृक्ष ( जलेश्वर बोलबम धाम) | कञ्चन १, वेलवरीया | ऐतिहासिक वर वृक्षको महत्व यसको मूल जरो भेटाउन गाह्रो, अलौकिक महत्व र रहस्यमय रहेको | १० |
| | ३,४,५ | गुम्वा | गरगरे | बुद्ध धमावलम्बी जाने स्थान | ५०-६० |
| | | शिव मन्दिर | शिवालय चोक | शिवरात्रीमा मेला लाग्ने | १०-२० |
| | | शिव मन्दिर | दियो | शिवरात्रीमा मेला लाग्ने | १०-१५ |
| | | शिव मन्दिर | उत्तर भैसाहीटोल | शिवरात्रीमा मेला लाग्ने | १०-२० |

*श्रोत : कञ्चन गाउँपालिका वडा कार्यालय, २०७४*

## ८.१३ तालतलैया र प्राकृतिक पोखरी

### तालिका नं. ५८

| क्र.सं. | नाम | गा.पा./न.पा.को वडा नं. | गा.पा./न.पा.को नाम |
|---|---|---|---|
| १ | गजेडी ताल | कञ्चन १, दानापुर | कञ्चन गाउंपालिका |
| २ | पुदिया ताल | कञ्चन २, गोप्लापुर र कटुवा चोक | कञ्चन गाउंपालिका |
| ३ | बकुलगढ ताल | कञ्चन १, बकुलगढ | कञ्चन गाउंपालिका |
| ४ | लौसा ताल | कञ्चन १, लौसा | कञ्चन गाउंपालिका |
| ५ | मटेरिया पोखरी | कञ्चन २, मटेरिया | कञ्चन गाउंपालिका |
| ६ | हनुमाननगर पोखरी | कञ्चन ३ | कञ्चन गाउंपालिका |
| ७ | प्रतापपुर पोखरी | कञ्चन ३ | कञ्चन गाउंपालिका |

*श्रोत : कञ्चन गाउँपालिका वडा कार्यालय, २०७४*

## ८.१४ मेला तथा जात्रा

### तालिका नं.५९

| गाउँपालिका/नगरपालिका | वडा | साविक गाविस | मेला जात्राको नाम | स्थान | महिना गते वा तिथी | मनाउने मुख्य जातजाति |
|---|---|---|---|---|---|---|
| कञ्चन गाउँपालिका | १ र २ | गजेडी | ऐतिहासिक वर वृक्ष, जलेश्वर बोलबम धाम | कञ्चन १, बेलवरीया | प्रत्येक वर्ष ऋषि तरपनीदेखि जनै पूर्णिमासम्म | हिन्दू |
| | | | तिज मेला | लौसा, कञ्चन १ | हरितालिका तिजको दिन | हिन्दू |
| | ३, ४, ५ | रुद्रपुर | शिव मन्दिर | शिवालय चोक | प्रत्येक शिवरात्रीको दिन | हिन्दू |
| | | | शिव मन्दिर | दिगो | प्रत्येक शिवरात्रीको दिन | हिन्दू |
| | | | सत्य विउ छर्ने | भैरवघाट | बाल चर्तुदशी ( प्रत्येक वर्ष) | हिन्दू |
| | | | क्लबको वार्षिक उत्सव मेला | हरैया | मंसिर महिनाको २० गते | सबै |
| | | | भूमि पूर्णिमा मेला | मलवारदेवी | मंसिर महिनामा | हिन्दू |
| | | | शिवरात्री मेला | कञ्चन ४ | प्रत्येक शिवरात्रीको दिन | हिन्दू |
| | | | तिज मेला | हरैया, पिपरीचाप्रा | हरितालिका तिजको दिन | हिन्दू |
| | | | क्लब द्वारा आयोजना गरिएको मेला | बन्कसिया | शिवरात्रीको दिन | हिन्दू |

श्रोत : कञ्चन गाउँपालिका वडा कार्यालय, २०७४